# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, वैशाख २७ गते २०३४ साल**

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको दफा ३ को (ख) अनुसार हेटौंडा औद्योगिक क्षेत्रमा निर्माणाधीन रहेको हेटौंडा कपडा उद्योग लिमिटेडको लागि इन्टेकबेल निर्माणको निमित्त उक्त ऐनको दफा ७ (३) बमोजिम हेटौंडा औद्योगिक क्षेत्रको कागज भएको हुँदा नारायणी अञ्चल, मकवानपुर जिल्ला, हेटौंडा नगर पञ्चायत वडा नं. ८ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गराई दिने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा उक्त ऐनको दफा ७ (४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि. नं. ४५७,४६५, बाटो ४५८, पश्चिम कि.नं. ५२५ कुलो ५२५,५०५ बाटो, उत्तर कि. नं. ८१८ (खोला) ४५८,४६६,५२६, ८१८ (खोला) र दक्षिण कि. नं. ४५९ को बाँकी जग्गा ४६५,५२३,४६८ यति ४ किल्लाभित्रको कि. नं. ४५८ बाट ०–८–१३ कि. नं. ४५९ बाट ०–१२–० कि. नं. ४६७ बाट ०–१४–१६।। कि. नं. ५२४ बाट ०–८–१।। कि. नं. ५२५ बाट ०–५–७ समेत जम्मा जग्गा २–९–१६।। (दुई बिगहा नौ कट्ठा साढे सोन्ह धुर) को जम्मा मालपोत रू. १०९।९२ (एक सय नौ रूपैयाँ बयान्नब्बे पैसा) लाग्ने कित्ता।

आज्ञाले–
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।